# राजपुर साप्ताहिक

वर्ष १ अङ्क १ २०८० असोज २६ शुक्रबार






सम्पादकीय

## सकारात्मक थालनी

राजपुर गाउँपालिका, दाङ जिल्लाकै अति बिकट गाउँपालिका अन्तर्गतमा पर्दछ । यो गाउँपालिका देउखुरीको केही समथल भुभाग र चुरे पहाड क्षेत्रसंगै नेपाल भारत सिमा क्षेत्र मिलेर बनेको छ । बिकासको पर्खाइमा रहेको नाका क्षेत्रमा गाउँपलिकाका अध्यक्षले जनताका समस्या र पिरमर्का बुझ्न मासिक रुपमा कार्यतालिका बनाइ नाकामा पुग्न थाले पछि नाकाली बस्तिका नागरिक खुसी देखिन थालेका छन ।

कतिपय स्थानीयले आफु नाकाको समस्या सुनाउन सबै भन्दा नजिकको सरकार गाउँपालिकासम्म जान नसकेको गाउँपालिकाका अध्यक्ष शरद कुमार बुढाथोकी माझ ब्यक्त गरे ।नाकाको बिकासमा आफ्नो पनि चासो रहेको भने उनीहरुको भनाइ थियो ।

राजपुर गाउँपालिका दाङ जिल्लाकै अति बिकट गाउपालिका मध्यमा पहिलो नम्बरमा पर्दछ । यस पालिकामा ७ वटा वडा रहेका छन । १ नम्बर, ६ नम्बर र ७ नम्बर गरि ३ वटा वडा नाका क्षेत्रमा पर्दछन। कुल जम्मा गरि २२ वटा नाकामा करिब एक हजार घरधुरी बसोबास गर्दछन। बिकासको पर्खाइमा रहेको नाका क्षेत्रमा गाउँपालिकाका अध्यक्षले जनताका समस्या र पिरमर्का बुझ्न मासिक रुपमा कार्यतालिनै बनाएको गाउँपालिकाका अध्यक्ष शरद कुमार बुढाथोकीले बताउनु भयो ।" बाटोको अवस्था दैनिय छ , बृद्ध अशक्त लगाएत बालबालिका गाउँपालिका सम्म आफ्नो कुरो राख्न नसक्ने अवस्था छ । सबै जनताको पहुँच गाउपालिका सङ नहुन सक्छ , तेसैले हामीले जनताको घरदैलो सम्म पुगेर उहाँका समस्या सुन्ने र बुझ्ने कामको थालनी गरेका छौ " अध्यक्ष बुढाथोकीले भन्नू भयो ।

बिकासको प्रखाइमा रहेका २२ वटै नाकाका जनताप्रति उत्तरदायी रहदै स्थलगत निरीक्षण गरी त्यसको उपाय निकाल्दै तिनै तहको सरकारको अनुभूति दिलाउन सकिने पालिका अध्यक्षले बताउनु भयो ।

प्रकाशक

राजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल



राजपर गाउपालिका – १ सकौली नाका

# शंख जस्तै बज्ने ढुङ्गा

❖ **शिवराज खनाल**

ढुङ्गा पनि शंख जस्तै बज्छ भन्दा सबैलाई अचम्म लाग्न सक्छ । तर राजपुर गाउँपालिका– १ सुकौली नाकामा रहेको ढुङ्गा बजाउने र सुन्नेहरूको यतिबेला चहलपहल बढ्न थालेको छ ।

ढुङ्गाको आकृति शंख जस्तै देखिने र बज्ने भएका कारण स्थानीय उक्त ढुङ्गालाई शंखे ढुङ्गा भन्ने गरेका छन् । ठुलो ढुङ्गा भएको शंख जस्तै बज्ने भएका कारण पछिल्लो समय उक्त ढुङ्गालाई हेर्ने मानिसहरूको चहलपहल समेत बढ्न थालेको छ । लमही बजारबाट करिब २५ किलोमिटर दक्षिण नेपाल–भारत सिमा नाकाका रूपमा रहेको सुकौली नाकामा रहेको उक्त ढुङ्गालाई संरक्षण गरेर राखिएको छ। सुकौली नाकाका स्थानीय ओमबहादुर सुनारका अनुसार पहिले उक्त ढुङ्गामा सोही गाउँका एक व्यक्तिले दैनिक पूजापाठ गरी बजाउने गर्दै आएका थिए । उनको मृत्यु पश्चात अलपत्र अवस्थामा रहेको बताउनुभयो । उहाका अनुसार विशेष गरेर नव दुर्गा र चैते दशैंमा गाउँलेहरूले उक्त ढुङ्गामा पुजापाठ गर्दै आएका छन् ।

स्थानीयका अनुसार उक्त ढुङ्गालाई लामो समयदेखि स्थानीय जैया विश्वकर्माले पूजापाठ गर्दै आएका थिए । सुकौली नाका क्षेत्रमा रहेको उक्त ढुङ्गालाई स्थानीयले धार्मिक महत्वसँग जोडर पूजापाठ गर्ने गरेको राजपुर गाउँपालिका अध्यक्ष शरदकुमार बुढाथोकीले बताउनु भयो ।

राजपुर गाउँपालिका वडा नं. १ का अध्यक्ष सूर्यप्रसाद चौधरी शंखे ढुङ्गाको संरक्षणसँगै प्रचार–प्रसारमा लागेको समेत बताउनुभयो । सिमा नाका क्षेत्रमा रहेको उक्त ढुङ्गाको धार्मिक महत्व पनि रहेको र प्रचार–प्रसार गर्न सके भारतीय हिन्दु धर्मालम्वीहरूलाई उक्त स्थानसम्म ल्याउन सकिने सकिने देखिन्छ ।

# गाउँपालिकामा निरन्तर निस्सा वितरण



राजपुर गाउँपालिकाले यहाँ रहेका वडाहरुमा क्रमशः निस्सा बितरण गरि रहेको छ । बिगत देखि पालिका भित्र बसोबास गरिरहेका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी , बिप्पन्न तथा अव्यवस्थित बसोबासिको लगत संकलन गरिएको थियो ।सोही आधारमा छनौटमा परेका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी, बिप्पन्न तथा अव्यवस्थित बसोबासिहरुलाइ निस्सा बितरण चलेको हो।

यहि क्रममा गाउँपालिले वडा नम्बर ३, ४ र ५ मा निस्सा बितरण गरिरहेको छ । निस्सा बितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष शरद कुमार बुढाथोकी , उपाध्यक्ष धनपती देबि यादब, वडा नम्बर ३ अध्यक्ष राम प्रसाद अहिर, वडा नम्बर ४ का वडाध्यक्ष रामेश्वर अहिर , वडा नम्बर ५ का वडा अध्यक्ष टंक बहादुर बिष्ट , वडा सदस्य, भुमी ब्यबस्थापन साखा प्रमुख शरद रेग्मी, शाखाका कर्मचारी, वडाका कर्मचारी लगायत स्थानीयबासीहरुको सहभागीतामा रहेको थियो ।

यहि क्रममा गाउँपालिले वडा नम्बर ३, ४ र ५ मा निस्सा बितरण गरिरहेको छ । निस्सा बितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष सरद कुमार बुढाथोकी , उपाध्यक्ष धनपती देबि यादब, वडा नम्बर ३ अध्यक्ष राम प्रसाद अहिर, वडा नम्बर ४ का वडाध्यक्ष रामेश्वर अहिर, वडा नम्बर ५ का वडा अध्यक्ष टंक बहादुर बिष्ट, वडा सदस्य, भुमी ब्यबस्थापन शाखा प्रमुख शरद रेग्मी, शाखाका कर्मचारी, वडाका कर्मचारी लगायत स्थानीयबासीहरुको सहभागीतामा रहेको थियो ।

निस्सा प्राप्त गरेको प्रमाणपत्रकै आधारमा जग्गा नापजाँच तथा अन्य प्रक्रिया अघि बढ्ने भएकोले यसको संरक्षण गरेर राख्न पालिका अध्यक्ष शरद कुमार बुढाथोकीले अनुरोध गर्नु भयो । क्रमशः निस्सा बितरण सबै वडामा गरि सक्ने र यसपछी अन्य प्रक्रियाको काम थालेर चाडै राजपुरका सुकुम्बासी तथा भुमिहिनहरुलाई धनीपुर्जा उपलब्ध गराईने उहाले बताउनु भयो ।

# विद्यालयमा दिवा खाजाको प्रभावकारिताबारे अनुगमन

❖ शिवराज खनाल

राजपुर गाउँपालिकाले पालिका भित्रमा पर्ने सामुदायिक विद्यालयको अनुगमन गरेको छ। अध्यक्ष शरद कुमार बुढाथोकीको नेतृत्वमा गएको टोलीले अनुगमन गरेको हो।



ती विद्यालयहरुमा सर्वाङ्गिण विकास समाज नेपालको दिवा खाजाको व्यवस्था गर्दै आएको छ। सो क्रममा पालिकाको अनुगमन टोलीले दिवा खाजाको गुणस्तर र प्रभावकारिताबारे जानकारी लिएको थियो।

दिवा खाजा कार्यक्रमले विद्यालयमा विद्यार्थीको उपस्थिति संख्यामा वृद्धि भएको पाएको गाउँपालिका अध्यक्ष बुढाथोकीले बताउनु भयो। उहाँले पोसिलो र सफा खाजाको व्यवस्थापन गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो।

अनुगमनमा पालिका अध्यक्ष शरद कुमार बुढाथोकी, उपाध्यक्ष धनपती देबी यादब, प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रशाद पाण्डेय, शिक्षा शाखा प्रमुख केशब लम्साल गाउँपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## बाल प्रतिभा स्तम्भका लागि अनुरोध

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्रइङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन।

चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. प्रदेश सभामा देशकै पहिलो महिला सभामुखमा चयन हुने नेता को हुन् ?**

- **नन्दा गुरुङ (कर्णाली प्रदेश, नेकपा एमालेबाट समानुपातिक)**

— प्रदेश सभाको २०७९ माघ १ मा बसेको बैठकमा सत्तारूढ गठबन्धनकी उम्मेदवार गुरुङले २४ मत प्राप्त गरी कर्णाली प्रदेशको दोस्रो सभामुख र नेपालको इतिहासमै प्रदेश सभामा पहिलो महिला सभामुख बन्न सफल। प्रदेश सभाको पहिलो कार्यकालमा सात वटै प्रदेशमा सभामुख पुरुष चुनिएका थिए।

**२. मधेश प्रदेश सभाको सभामुखमा को निर्वाचित भएका छन् ?**

- **रामचन्द्र मण्डल**

— वि.सं. २०७९ माघ ३ को बैठकमा सहभागी १०३ जना सदस्यमध्ये मण्डल (धनुषा निर्वाचन क्षेत्र १ (१), एमाले) को पक्षमा ७४ र विपक्षमा २९ मत परेको। त्यस्तै प्रदेश सभाको उपसभामुखमा जनमत पार्टीका प्रदेश सभा सदस्य बबिताकुमारी इसर निर्वाचित भएकी। उनले माघ ३ मा बसेको तेस्रो बैठकमा उपस्थित १०१ मध्ये ७२ मत प्राप्त गरेकी।

**३. राजधानीबाट सबैभन्दा नजिक राष्ट्रिय निकुञ्ज भएको देश कुन हो ?**

- **नेपाल**

— सन् १९७२ मा आरक्षका रूपमा स्थापना भई सन् २००० (वि.सं. २०५८) मा निकुञ्जमा परिणत भएको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रफल १४४ व.कि.मि. रहेकोमा वि.सं. २०६५ पौष २३ मा नागार्जुन क्षेत्रको १५ व.कि.मि. क्षेत्रफल गाभी यसको क्षेत्रफल १५९ व.कि.मि. कायम भएको ।

— वि.सं. २०२९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जारी भएको ।

— नेपालमा सर्वप्रथम स्थापना भएको राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज (वि.सं. २०३०) हो।

— विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका दुई राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज हुन्।

— नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे–फोक्सुन्डो (३५५५ व.कि.मि.) र सबैभन्दा सानो रा.नि. रारा (१०६ व.कि.मि.) रा.नि. हुन्।

— बर्दिया राष्ट्रिय निकुञ्ज सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापना भएको। पछि बर्दिया वन्यजन्तु आरक्ष नामकरण गरियो भने वि.सं. २०४५ मङ्सिर २० मा बर्दिया राष्ट्रिय निकुञ्जका रूपमा घोषणा भएको।

— अमेरिकी संस्था वल्डल्यान्डको सहयोगमा स्थापना भएको राष्ट्रिय निकुञ्ज मकालु वरुण राष्ट्रिय निकुञ्ज हो।

— विश्व राष्ट्रिय निकुञ्ज सम्मेलन प्रत्येक १० वर्षको अन्तरालमा गर्ने गरिन्छ।

**४. सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुखमा चयन हुने नेता को हुन् ?**

- **इन्दिरा राना**

— प्रतिनिधि सभाको उपसभामुखमा सत्ता गठबन्धनका साझा उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानामगर निर्वाचित। २०७९ माघ ७ मा बसेको प्रतिनिधि सभाको बैठकमा रानाको पक्षमा १६६ जना सांसदले समर्थन जनाएका थिए भने विपक्षमा ९७ जनाको मत परेको थियो। सामाजिक सेवाबाट राम्रो परिचय बनाएकी रानामगर सक्रिय राजनीतिमा संलग्न भएको तीन महिनामै सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुख बन्न सफल भएकी छिन्।

*गोरखापत्र दैनिकबाट साभार*

# राजपुर गाउपालिका वडा नम्बर ५ जङ्ङ्हवाका फाटमा झुल्दै गरेकाधान (फोटो फिचर )





<u>कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु</u>

राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

सर्वेक्षक

अनुसूची-८

(दफा १३ उपदफा [illegible] को प्रयोजनका लागि।

नापी कार्यालय, लमही दाङ

<u>नापी टोलि नं. २ बाट जारी भएको नाप नक्सा सुरु हुने सम्बन्धी सूचना</u>!

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि राजपुर गा.पा. वडा नं. ६ भित्रको स्थानीय तहले पहिचान र छनौट गरेको सरकारी जग्गाको नाप नक्सा मिति २०८०/०६/३० देखि सुरु हुने भएकोले सम्बन्धित व्यक्तिहरुले नाप नक्सा हुँदाको समयमा आ-आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उपलब्ध अन्य प्रमाणहरु र निवेदन दर्ताको निस्सा लिई उपस्थित भई आफुले आवाद कमोत गरेको जग्गाको साँध-सिमाना घुमी देखाई नापी गराउनु होला। नापी हुने विषयमा अरु जानकारी चाहिएमा सम्बन्धित टोलि मुकाममा आई बुझ्न सक्नुहुनेछ। इति सम्वत् २०८० साल असोज१४ गते रोज् १ शुभम्.....................

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

☎ ९८५७८३५२४०
info@rajpurmundang.gov.np
URL: www.rajpurmundang.gov.np

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गँगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या: २०८०/०८१
चलानी नम्बर:

मितिः २०८०।०६।२५

### निस्सा वितरण सम्बन्धी सूचना ।

यस गाउँपालिका अन्तरगत भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रयोजनका लागि ७ नं. वडा कार्यालयबाट तपसिलका गाउँटोलहरुबाट लगत संकलन गरेका सम्पूर्ण भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको निस्सा वितरण कार्यक्रम तपसिलको मिति समय र स्थानमा हुने भएकाले सक्कल नागरिकताको प्रमाण सहित उपस्थित हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>वडा नं. ७</u>

मितिः २०८०।०६।२९ गते

| गाउँटोल | समय | स्थान | कै. |
|---|---|---|---|
| कुरुवा, राताकौंस, गल्चु, भित्रिसिक्टा, सिक्टा, लैबरुवा, वनकट्टी, नेपुवा खोला | विहान १०:०० | वडा नं. ७ को कार्यालय, सिक्टा | |
| गोठुवा, ताली, सुनपत्री, ऐराना, हाँडवास | विहान ११:३० | सामुदायिक स्वास्थ्य इकाई, गोठुवा | |

.....................
शरद कुमार बुढाथोकी
अध्यक्ष

राजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

# उपभोक्ता तथा व्यापारी वर्गमा राजपुर गाउँपालिका, दाङको अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

राजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ, लुम्बिनी प्रदेश, नेपाल